## पूर्ण इजलास

**१**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या. श्री बलराम के.सी. र मा.न्या.श्री गौरी ढकाल,** सम्बत् २०६१ सालको दे.पु.इ.नं. ३६, चलन समेत, *गोपाल मानन्धर वि. हरिकृष्णको मु.स.गर्ने बुद्धकृष्ण महर्जन*

कुनै मुद्दामा कुनै पक्षले एक आपसमा मुद्दा गरी हारजीत गरेको कारणबाट तेस्रो पक्षको हकहितमा असर पर्न गएको रहेछ भने असर पर्ने पक्षले त्यसलाई बदर गराउन कानूनी मार्गको अवलम्वन गर्नसक्ने ।

मुद्दा अन्तिम भएर रहेको अवस्थामा सो मुद्दाले स्थापित गरेको तथ्यमा प्रभाव पर्ने गरी वा सो मुद्दाबाट सृर्जित भएको अधिकारलाई निस्तेज तुल्याउने गरी वोल्न नमिल्ने ।

वादीले उठाउँदै नउठाएको विषयमा अ.बं. १३९ नं. बमोजिम प्रतिवादी सरह कायम हुन आएका व्यक्तिले लिएको दावीका आधारमा न्यायनिरुपण गर्ने हो भने मुद्दामा निरुपण गर्नुपर्ने विषयगत सीमा के कति हुने भन्ने कुरा नै अनिश्चित हुन जाने ।

इजलास अधिकृतः कृष्णराम कोइराला

इति सम्बत् २०६६ जेठ २१ गते रोज ५ शुभम् ।

**२.**

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ, मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ताहिर अली अन्सारी,** फौ.पु.इ.नं. २०६५-CF-००१२, कर्तव्य ज्यान, *नेपाल सरकार वि.अजय राई समेत*

केवल अभियोग लगाउनुमात्र कसूर स्थापित गर्ने आधार हुन सक्दैन, अभियोग प्रमाणित गर्ने दायित्व पनि वादी पक्षले वहन गर्नुपर्छ । फौजदारी मुद्दामा शंकाको भरमा कसैलाई कसूरदार ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृतः उमेश कोइराला

इति सम्बत् २०६६ असार ४ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

**१.**

**का.मु.सम्माननीय प्रधानन्यायाधीश श्री अनूपराज शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** फौ.पु.नं. ०६५-CR-०२८३, खुन डाँका, *अमृतकुमार गुरुङ वि. विशे खवास*

पेश हुन आएका प्रमाणहरूले दावी प्रमाणित गर्ने हैसियत ग्रहण गर्न सक्ने आधार देखिदैन । घटना भएको तथ्य पुष्टि हुँदैमा अभियुक्तको कसूर प्रमाणित हुँदैन । घटनाको तथ्य र त्यसमा संलग्न रहेका व्यक्तिहरू भनेका फरक-फरक कुरा हुन् । कुन घटनामा कसको संलग्नता रहेको छ भन्ने कुरासँगै संलग्नताको मात्रा पनि जोडिएर आउँछ । घटना घटेको कुरामा विवाद नहुँदा-नहुँदै पनि सो घटना घटेको तत्कालपछि दिइएको जाहेरी दरखास्त र मौकामा कागज गर्ने व्यक्तिको भनाइमा अपराध गर्ने व्यक्ति स्पष्ट नभएको अवस्थामा घटना घटेको लामो अवधि व्यतीत भइसकेपछि परेको जाहेरी र मौकामा कागज गर्ने व्यक्तिको वकपत्रमा व्यक्ति किटान गरिएको भन्नेमात्र आधारमा कसैलाई कसूरदार ठहऱ्याउन नमिल्ने । मौखिक प्रमाण जहिले पनि प्रत्यक्ष हुनुपर्छ, अस्पष्ट र अनिश्चयात्मक कथन कसूरदार ठहऱ्याउने आधार बन्न सक्दैन । फौजदारी मुद्दामा शंकास्पद एवं विरोधाभाषयुक्त कथनलाई प्रमाण मानेर कसैलाई दोषी ठहर गर्न मिल्दैन, त्यसो गर्नु कानून र न्यायका मान्य सिद्धान्तहरूको प्रतिकूल हुन जाने ।

इति सम्बत् २०६६ जेठ ३१ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री मीनबहादुर रायमाझी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** सम्बत् २०६४ सालको CR-०४५९, विदेशी विनिमय, *नेपाल सरकार वि.मदनप्रसाद सरावगी*

प्रतीत पत्रमा उल्लिखित विदेशी मुद्रा यु.एस.डलर बराबरको नेपाली रुपैयाँको बैंक ग्यारेन्टी जमानीसम्म बसेको अवस्थामा जमानत बस्नेले नै प्रतीत पत्रको कारोवार गरेको र सोअनुरूप विदेशी सामान आयात नगरेको भन्ने अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६५ चैत ४ गते रोज ३ शुभम् ।

इजलास नं.१

१.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६१ सालको विविध नं.१००, अदालतको अपहेलना, *ऋण उपभोक्ता तथा जनसेवा संघ वि.निसीकान्त रामचन्द मोखरीवाले समेत*

अदालतको अन्तरिम आदेशमा स्पष्ट रुपमा लिखित जवाफ परेपछि पुनर्विचार गर्ने गरी सूचना कार्यान्वयन नगर्न आदेश भएकोमा सो अन्तरिम आदेशको व्यहोरामा कतै पनि आयातको काम कारवाहीलाई रोक लगाएको अवस्था नरहेपछि आयातको विषयमा परेको निवेदनको आधारमा अदालतको अवहेलना भयो भन्न नमिल्ने ।

इजलास अधिकृतः स्वीकृति पराजुली

कम्प्यूटरः मुकुन्द विष्ट

इति सम्बत् २०६५ फागुन १५ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री ताहिर अली अन्सारी** २०६३ सालको विविध नं. ००६, अवहेलना, *अधिवक्ता भुपेन्द्रप्रसाद पोखरेल वि. अर्जुनकुमार कार्की*

जुन रिट निवेदन अदालतको आदेशको अवहेलना भयो भनी दावी गरेका छन् सो निवेदन नै खारेज हुने परिप्रेक्ष्यमा प्रस्तुत निवेदन दावी समेत पुग्न सक्ने अवस्था नहुँदा अपहेलनामा कारवाही गरिपाऊँ भन्ने निवेदन माग दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः स्वीकृति पराजुली

कम्प्यूटरः मुकुन्द विष्ट

इति सम्बत् २०६५ फागुन १५ गते रोज ५ शुभम् ।

३.

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६२ सालको विविध नं.१२३ अदालतको अपहेलनामा कारवाही गरिपाऊँ, *अधिवक्ता आनन्द सन्तोषी राई वि.तत्कालीन सूचना तथा सञ्चार मन्त्री समेत*

आधिकारिक रुपमा जारी भएको म्याद सूचना नै विपक्षीले प्राप्त गरी नसकेको अवस्थामा अदालतको आदेशविरुद्धका काम कारवाहीबाट अपहेलना भयो भन्न नमिल्ने ।

इजलास अधिकृतः स्वीकृति पराजुली

कम्प्यूटरः मुकुन्द विष्ट

इति सम्बत् २०६५ फागुन १५ गते रोज ५ शुभम् ।

४.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री रणबहादुर बम**, २०६५ सालको फौ.सा.नं.०७७ कर्तव्य ज्यान, *डोमा सदाय मुसहर वि. नेपाल सरकार ।*

किटानी जाहेरी, सो जाहेरीलाई पुष्टि हुने गरी मौकामा बुझिएकी पुनम सदायको बयान, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साविती बयान एवं बरामदी मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन समेतबाट पुष्टि हुन आउँदा

प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं.को कसूरमा ऐ.१३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः कविप्रसाद न्यौपाने ।

इति सम्बत् २०६६ वैशाख २३ गते रोज ४ शुभम् ।

५.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** 063–CI–0376 मोही लगत कट्टा, *विमलकुमार राय वि. देव नारायण मुसहर समेत*

२०५३ सालमा भूमिसम्बन्धी ऐनमा भएको चौथो संशोधनपश्चात् मोही जग्गाको बाँडफाँडको अवधारणाले कानूनी मान्यता पाई मोहीको संरक्षण गरेको देखिएको अवस्थामा आफ्नो कर्तव्य दायित्वबाट पन्छिएको भनी वादी दावीको जग्गाको मोही लगत कट्टा हुन नसक्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति सम्बत् २०६६ वैशाख २५गते रोज ६ शुभम्

**६.**

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री सुशीला कार्की**, २०६२ सालको दे.पु.नं.८७५३, लिखत बदर, *सुभद्रा थापा वि. नन्दकुमारी थापा समेत ।*

न्यायकर्ताको विवेकमा निर्णय दिनुपर्ने मुद्दाको अंग पुगिसकेको अनुभव एवं महसूस गरेको अवस्थामा यी यी कारणी, व्यक्ति, विशेषज्ञलाई झिकाई कागज गरी निर्णयविन्दूमा पुग्नु पर्दछ भनी पक्ष विपक्षहरूले निर्णयकर्तालाई वाध्य पार्ने कुरा पनि आउँदैन । कतिपय अवस्थामा बुझिनै पर्ने त्यस्ता व्यक्तिलाई नबुझी निर्णय गर्दा पनि प्रमाणको पर्याप्तता देखिई त्यसले निर्णयमा तात्विक भिन्नता (Material Difference) नपार्ने भएमा मौजुदा संकलित प्रमाणहरूको आधारमा निर्णय वा फैसला गर्न वाधा नपर्ने ।

इजलास अधिकृतः काजीबहादुर राई

यस्तै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन्:

- सम्बत् २०६२ सालको फौ.पु.नं. ३६७०, जालसाजी, *सुभद्रा थापा वि. नन्दकुमारी थापा समेत*
- सम्बत् २०६२ सालको दे.पु.नं. ८७५२, लिखत बदर, *सुभद्रा थापा वि. नन्दकुमारी थापा समेत*
- सम्बत् २०६२ सालको फौ.पु.नं. ८७५४, लिखत बदर, *सुभद्रा थापा वि. रामवहादुर थापा समेत*
- सम्बत् २०६२ सालको फौ.पु.नं. ३६६८, जालसाजी, *सुभद्रा थापा वि. रामवहादुर थापा समेत*
- सम्बत् २०६२ सालको फौ.पु.नं. ३६६९, जालसाजी, *सुभद्रा थापा वि. रामवहादुर थापा समेत*

इति सम्बत् २०६५ फागुन २८ गते रोज ४ शुभम् ।

७.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री सुशीला कार्की**, २०६० सालको दे.पु.नं.२४, माना चामल, *अप्सरा थापा वि.रामु भन्ने रामबहादुर थापा*

मुलुकी ऐनको ११ औं संशोधनमा मात्र छोरीलाई पनि छोरा सरह निःशर्त अंश पाउने कानूनी व्यवस्था गरेको अवस्थामा संशोधित अंशवण्डाको १० नं. बमोजिमको संशोधित कानूनी व्यवस्थाअनुसार इज्जत आमदअनुसारको माना चामल भराई पाऊँ भन्ने दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः काजीबहादुर राई

कम्प्यूटरः मुकुन्द विष्ट

इति सम्बत् २०६५ फागुन २८ गते रोज ४ शुभम् ।

८.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री सुशीला कार्की**, २०६० सालको दे.पु.नं.८५०२, अंश चलन, *सुभद्रा थापा वि. रामु भन्ने रामबहादुर थापा समेत*

कानूनी रीतपूर्वकको लिखत प्रमाणलाई त्यसको प्रतिकूल खम्बिर प्रमाणले खण्डन नगरेसम्म त्यस्तो कानूनी लिखतको बैधतालाई अन्यथा भन्न र अमान्य गर्न मिल्ने हुँदैन । अर्थात मौखिक कथनलाई मूल आधार मानी अचल सम्पत्तिको हकमा कानूनी रीतपूर्वकको लिखतलाई मान्यता नदिई अनुमानकै आधारमा पैतृक सम्पत्ति भनी भन्न सकिने अवस्था नहुने ।

इजलास अधिकृतः काजीबहादुर राई

कम्प्यूटरः मुकुन्द विष्ट

इति सम्बत् २०६५ फागुन २८ गते रोज ४ शुभम् ।

९.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या. श्री सुशीला कार्की**, २०६२ सालको फौ.पु.नं. ३६७१, जालसाजी, *सुभद्रा थापा वि.कुमार थापा समेत*

अड्डामा परिरहेको फौजदारी मुद्दामा प्रतिवादी तर्फबाट उठेको ऐनले देवानी कायम हुने र देवानी मुद्दामा प्रतिवादीको लेखबाट उठेको ऐनले फौजदारी कायम हुने मुद्दाहरूमा मात्र अ.वं.८० को कानूनी प्रावधान आकर्षित हुने ।

इजलास अधिकृतः काजीबहादुर राई

इति सम्बत् २०६५ फागुन २८ गते रोज ४ शुभम् ।

१०.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री सुशीला कार्की** २०६० सालको दे.पु.नं.९२६९, नापी निर्णय दर्ता बदर दर्ता, *गणेश राउत कंकर वि. लखराज साह*

लिखतमा लागेको ल्याप्चे छापबाट नभिडेको अवस्थामा जग्गामा साविकदेखि हकभोग गरी बसी आएको व्यक्तिको हकको स्रोत सम्बन्धमा नापीले बुझी इन्साफ गरेको पाइएन । यस्तो अवस्थामा प्रतिवादीका प्रमाण बलियो भनी नापीले प्रतिवादीलाई जग्गाको भोगवाला ठहऱ्याएको मिल्ने नदेखिने ।

इजलास अधिकृतः स्वीकृति पराजुली

कम्प्यूटरः बेदना अधिकारी

इति सम्बत् २०६५चैत महिना ११ गते रोज ३ शुभम् ।

११.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री सुशीला कार्की, २०६१** सालको दे.पु.नं.१०१०५, लिखत बदर, *जदोलाल महतो नुनिया वि. गौरी शंकर दुवे ।*

विवादको जग्गाको हकको स्रोतसँग नमिल्ने नभिड्ने त्यस्तो व्यक्तिसँग भएको मिलापत्रको परिणामलाई हकको स्रोत भन्दा बलियो प्रमाणको रुपमा हेर्न मिल्दैन । यस्तोमा उनाउ व्यक्तिसँग भएको मिलापत्रले हकको स्रोतमा अन्यथा असर गर्न सक्ने पनि नहुने ।

इजलास अधिकृतः स्वीकृति पराजुली

कम्प्यूटरः मुकुन्द विष्ट

इति सम्बत् २०६५ चैत ११ गते रोज ३ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- सम्बत् २०६१ सालको दे.पु.नं.१०१०४, हक कायम घरजग्गा खिचोला, *जदोलाल महतो नुनिया वि. गौरी शंकर दुवे*
- सम्बत् २०६१ सालको दे.पु.नं.१०१०५, हक कायम घरजग्गा खिचोला, *जदोलाल महतो नुनिया वि. गौरी शंकर दुवे*

१२

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६० सालको दे.पु.नं.८६७५, बकसपत्र बदर, *लल्लन जसगढ वि. इस्माइल हलुवाई समेत ।*

कुनै पनि अचल सम्पत्तिको हकअधिकारको मूलस्रोत भनेकै सो सम्बन्धी लिखत कागजात हुने भई त्यस्ता प्रमाणले निश्चितरुपले कानूनीमान्यता पाउने हुन्छ । मौखिक सहमतिको आधारमा प्राप्त गरेको भन्ने दाबी कसैको नाममा दर्ता स्वामित्वको परिचायक जग्गाधनी प्रमाण पूर्जा रहेको अवस्थामा ग्राह्यता दिन कानूनतः मिल्ने नदेखिने ।

इजलास अधिकृतः काजीबहादुर राई
कम्प्यूटरः मुकुन्द विष्ट
इति सम्बत् २०६५ फागुन २६ गते रोज २ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- सम्बत् २०६० सालको दे.पु.नं.८३५८, घरजग्गा खिचोला, *लल्लन जसगढ वि. मन्नु राई समेत*
- सम्बत् २०६० सालको दे.पु.नं.८६७६, घरजग्गा खिचोला, *पदरसा जामिया अरफिया दानीसुल उलुम समेत*
- सम्बत् २०६० सालको दे.पु.नं.३११८, जालसाज, *लल्लन जसगढ वि. अव्दुल हकिम हलवाई समेत*
- सम्बत् २०६० सालको दे.पु.नं.३२३८, जालसाज, *लल्लन जसगढ वि. अव्दुल हकिम हलवाई समेत*

२०६० सालको दे.पु.नं.८६७४, बकसपत्र बदर, *लल्लन जसगढ वि. इस्माइल हलवाई समेत*

१३.

**मा.न्या.श्री अनूपराज शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६१ सालको रिट नं.३२४७, उत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरिपाऊँ, *श्रीप्रसाद श्रेष्ठ वि. भूमिसुधार कार्यालय काठमाडौं ।*

मृत्यु भइसकेको व्यक्तिको नाममा म्याद तामेली भएकै आधारले मात्र प्रतिवाद हुन नसकेको भन्न नमिल्ने ।

इजलास अधिकृतः स्वीकृति पराजुली
कम्प्यूटरः बेदना अधिकारी
इति सम्बत् २०६५ चैत १२ गते रोज ४ शुभम् ।

१५.

**मा.न्या. श्री अनूपराज शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** सम्बत् २०६१ सालको रिट नं.३०२२, परमादेश मिश्रित प्रतिषेध, *बाबुराम गिरी वि. नेपाल सरकार, मन्त्रिपरिषद्को कार्यालय समेत ।*

नागरिकप्रति सरकारको अभिभावकीय दायित्व रहन्छ । यो दायित्वभित्र नागरिकको अस्तित्व रक्षाको अधिकारको स्थान सर्वोपरि रहन्छ । नेपालमा प्राचीनतम् कानूनी प्रणालीमा त यो दायित्व स्वीकारिएको थियो भने आजको विकसित कानूनी मान्यतामा यस सिद्धान्तलाई इन्कार गर्ने ठाँउ छैन । राज्यद्वारा वेपत्ता बनाइएका हुन् वा अरु कसैद्वारा वा स्वयं नै वेपत्ता भएका नै किन नहून, यी सबैको स्थिति सार्वजनिक गर्ने कानूनी दायित्व सरकारको हो । यस दायित्वबाट राज्यले उन्मुक्ति प्राप्त गर्न सक्ने अवस्था नहुने ।

इजलास अधिकृतः राजेन्द्र अधिकारी
कम्प्यूटरः मुकुन्द विष्ट
इति सम्बत् २०६५ चैत २० गते रोज ५ शुभम् ।

## इजलास नं. २

१.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६३ सालको रिट नं.०९०६, उत्प्रेषण समेत, *हरिनारायण महत्तो समेत वि. मौजीलाल महत्तो ।*

अंशदपोट मुद्दाको फैसलामा नै दबाएको ठहरिएका घरजग्गाहरूको चलनपूर्जी अंश मुद्दाबाटै लिनुपर्ने भन्ने स्पष्ट उल्लेख भइरहेको स्थितिमा अंशवापत पाउने सम्पत्ति सो अंश मुद्दाबाटै लिनु पर्ने ।

इजलास अधिकृतः बिदुर कोइराला

कम्प्यूटरः विश्वराज पोखरेल

इति सम्बत् २०६५ साल चैत १६ गते रोज १ शुभम् ।

२.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी**, २०६२ सालको दे. पु. नं. ९८१३, मोही लगत कट्टा, सनेफिया साह हलुवाई वि. यसोदादेवी गौतम

भूमिसम्बन्धी ऐन, २०२१ मा २०५३।९।२४ मा भएको चौथो संशोधनको दफा २६(घ) मा कानून बमोजिम मोही कायम भएकोमा आधी जग्गा मोहीको कायम हुने गरी संशोधित बुँदा प्रमाण समेतबाट मोही लगत कट्टा गरिपाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः राजेन्द्र अधिकारी

कम्प्यूटर : बेदना अधिकारी

इति सम्बत् २०६६ जेठ १९ गते रोज ३ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६२ सालको दे.पु.नं. ९८१२, मोही वेदखली, *सन्फिया भन्ने सनफिया साह हलुवाईको मु.स.गर्ने गंगादेवी साह वि. यसोदा देवी गौतम*
- सम्बत् २०५९ सालको रिट नं. २९७९, उत्प्रेषण परमादेश, *सन्फिया भन्ने सनफिया साह हलुवाईको मु.स.गर्ने गंगादेवी साह वि. भूमिसुधार कार्यालय मोरङ समेत*

३.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६३ सालको दे.पु.नं.८९९९, अंश दर्ता, *राधादेवी थरुनी वि. हरिलाल चौधरी*

सगोलको सम्पत्ति जुनसुकै व्यक्तिको नाममा भएपनि सबै अंशियारको बराबर हक लाग्ने ।

घरको मुख्य व्यक्ति हुँदाहुँदै निजको मन्जूरी वेगर लिएको ऋण सबै अंशियारलाई भाग लगाउन न्यायोचित नभई देखाइएको ऋणमा पछि साहूको नालेस परेका बखत कानूनबमोजिम हुने ।

इजलास अधिकृतः राजेन्द्र अधिकारी ।

कम्प्यूटरः बेदना अधिकारी

इति सम्बत् २०६६ जेठ २० गते रोज ४ शुभम् ।

४.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६१ सालको रिट नं.३४५५, उत्प्रेषण, *रामजीप्रसाद लम्साल वि. लोकसेवा आयोग समेत ।*

आंशिक परीक्षा दिई एस.एल.सी. उत्तीर्ण गरेका निवेदकलाई निवेदन जिकिरबमोजिम द्वितीय श्रेणीको अङ्क प्रदान गर्न नमिल्ने ।

इजलास अधिकृतः राजेन्द्र अधिकारी

कम्प्यूटरः बेदना अधिकारी

इति सम्बत् २०६६ जेठ १९ गते रोज ३ शुभम् ।

५.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दे.पु.नं.००६०, नापी निर्णय बदर हक कायम, *नन्दलाल मिश्र वि. जानकीदेवी भट्ट ।*

कि.नं. २९५ र २९६ बाट पश्चिम हुँदै पूर्वतर्फबाट घरमा जाने बाटो संकेत गरेको जग्गामा वादीहरूले बाटो प्रयोग गर्न पाउने तथ्य नक्साबाट स्थापित भएको अवस्थामा वादीहरूको घरहरूको निकास आवात-जावत गर्ने हदसम्मको बाटो वादीहरूले पाउने ।

इजलास अधिकृतः राजेन्द्र अधिकारी
कम्प्यूटरः बेदना अधिकारी
इति सम्बत् २०६६ जेठ १७ गते रोज १ शुभम् ।

यस्तै प्रकृतिको सम्बत् २०६५ सालको दे.पु.नं. ००५९, नापी निर्णय बदर हक कायम, *नन्दलाल मिश्र वि. जानकी देवी भट्ट* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**६.**

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको दे.पु.नं.९८३७, जग्गा रोक्का, *गणेशप्रसाद अधिकारी वि. अनीता श्रेष्ठ*

पारीत नै नभएको घरायसी मन्जूरनामाको आधारमा तेस्रो व्यक्तिलाई प्रवाह गरेको ऋणवापतमा जग्गा रोक्का राख्न नमिल्ने हुँदा मालपोत कार्यालयबाट रोक्का राखिएको जग्गा फुकुवा गरिदिनु पर्ने ।

इजलास अधिकृतः बिदुर कोइराला
कम्प्यूटरः बेदना अधिकारी
इति सम्बत् २०६६ वैशाख १५ गते रोज ३ शुभम् ।

७.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री मोहनप्रकाश सिटौला**, सम्बत् २०५८ सालको रिट नं.२९३०, उत्प्रेषण समेत, *दिनेश चौधरी वि. पुनरावेदन अदालत जनकपुर समेत*

आदेशबमोजिम लिलाम बढाबढ भई बिगो भरिभराउको कार्यसमेत समाप्त भइसकेकोमा सो लिलामी कार्यउपर कुनै प्रश्नसमेत नउठाएको स्थितिमा निवेदन मागबमोजिमको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः बिदुर कोइराला
कम्प्यूटरः विश्वराज पोखरेल
इति सम्बत् २०६५ फागुन १९ गते रोज २ शुभम् ।

**८.**

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६२ सालको दे.पु.नं. ९७८२, मोही हक कायम, *कुदुस धोबी वि. रहमतुल्ला शेष समेत*

मोही हकको प्राप्ति र समाप्ति पनि कानूनद्वारा नै गरिएको हुन्छ । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २५(१) र २५(२) का प्रावधान बाहेकका आफूखुशी गरिएका व्यवहारहरूले कानूनी हैसियत प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृतः राजेन्द्र अधिकारी
इति सम्बत् २०६६ जेठ २२ गते रोज ६ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:-

- २०६२ सालको दे.पु.नं. ९७८५, मोही हक कायम गरी प्रमाणपत्र पाऊँ, *वरसाती पासी वि. अजमंत असिफ शेष मुसलमान समेत*
- २०६२ सालको दे.पु.नं. ९७८४, मोही कायम गरी प्रमाणपत्र पाऊँ, *अदालत पासी वि.अजमंत असिफ शेष मुसलमान समेत*

- २०६२ सालको दे.पु.नं. ९७८३, मोही कायम गरी प्रमाणपत्र पाऊँ, *फुला पासिनको मु.स.गर्ने धर्मराज पासी वि. अजमंत असिफ शेष मुसलमान समेत*
- २०६२ सालको दे.पु.नं.९७८८, मोही कायम गरी प्रमाणपत्र पाऊँ, *जगनारायण लोनिया वि. अजमंत असिफ शेष मुसलमान समेत*
- २०६२ सालको दे.पु.नं.९७८७, मोही कायम गरी प्रमाणपत्र पाऊँ, *चरित्र पासी वि. अजमंत असिफ शेष मुसलमान समेत*
- २०६२ सालको दे.पु.नं.९७८६, मोही कायम गरी प्रमाणपत्र पाऊँ, *मेहानी फकिरनी वि. अजमंत असिफ शेष मुसलमान समेत*
- २०६२ सालको दे.पु.नं.९७९०, मोही कायम गरी प्रमाणपत्र पाऊँ, *राजबहादुर लोनिया वि. अजमंत असिफ शेष मुसलमान समेत*
- २०६२ सालको दे.पु.नं.९७८९, मोही कायम गरी प्रमाणपत्र पाऊँ, *रहमत अली मियाँ वि. अजमंत असिफ शेष मुसलमान समेत*
- २०६२ सालको दे.पु.नं.९७९३, मोही कायम गरी प्रमाणपत्र पाऊँ, *अव्दुल हकिम मियाँ वि. अजमंत असिफ शेष मुसलमान समेत*
- २०६२ सालको दे.पु.नं.९७९२, मोही कायम गरी प्रमाणपत्र पाऊँ, *रामरती लोनिना वि. अजमंत असिफ शेष मुसलमान समेत*
- २०६२ सालको दे.पु.नं.९७९१, मोही कायम गरी प्रमाणपत्र पाऊँ, *सुदामा पासिन वि. अजमंत असिफशेष मुसलमान समेत*

९.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव**, २०६५ सालको फौ.पु.नं. ०६५ CR ०७८२, जबरजस्ती करणी कर्तव्य ज्यान, *नेपाल सरकार वि. भीमबहादुर बुढा ।*

कुनै पनि व्यक्तिको श्वास-प्रश्वास हुने घाँटी जस्तो संवेदनशील मुख्य अंगमा दुवै हात लगाई बेस्सरी दबाई श्वास-प्रश्वास नै अवरुद्ध पार्दा त्यस्तो कार्यबाट सो मानिस मर्छ भन्ने कुरा सामान्य समझ भएको जोसुकै व्यक्तिलाई पनि थाहा हुने कुरा हो । यी प्रतिवादीले मृतकको घाँटी थिच्दा मृतक मर्न सक्छिन भन्ने तथ्यको जानकारी नपाउने र घाँटी थिचेको कार्यबाट ज्यान मर्लाजस्तो नदेखिएको स्थिति हुने भनी ज्यानसम्बन्धी महलको ५ नं.को कानूनी व्यवस्थाको व्याख्या गरी जबरजस्ती करणी गरेपछि पीडित मृतक महिलाको घाँटी थिचेको कार्यलाई भवितव्यको संज्ञा दिई सोबमोजिम भवितव्यमा मात्र सजाय गर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः बिदुर कोइराला

इति सम्बत् २०६५ फागुन २१ गते रोज ४ शुभम् ।

१०.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६४ सालको साधक नं.०४१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बसुलिया पासवान समेत*

शुरूदेखि नै म्यादै गुजारी फरार रही न्यायसम्पादन गर्ने कार्य समेतमा बेवास्ता गर्ने यी प्रतिवादीहरूले प्रस्तुत वारदातमा प्रत्यक्ष संलग्न भई मृतकलाई कुटपीट गरेको र सोही कुटपीटको चोटबाट मृतकको मृत्यु भएको तथ्य पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः बिदुर कोइराला

कम्प्यूटरः विश्वराज पोखरेल ।

इति सम्बत् २०६५ फागुन २२ गते रोज ५ शुभम् ।

११.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०५२ सालको फौ.पु.नं.३०५५, जालसाजी, *राजेन्द्र कापड वि. रामऔतार कापडी*

अर्काको हक जाने जग्गालाई आफ्नो भनी जालसाजी गरी लिखत पारीतसमेत गरिदिएको र वादीको हकको जति लिखत बदरसमेत भएको अवस्थामा जालसाजी गरेको रहेनछ भन्न नमिल्ने।

इजलास अधिकृतः अर्जुन अधिकारी

कम्प्यूटरः विश्वराज पोखरेल

इति सम्बत् २०६५ चैत ३० गते रोज १ शुभम्।

१२.

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६१ सालको रिट न. ३३३६, उत्प्रेषण परमादेशयुक्त आदेश जारी गरिपाऊँ, *रामजी सिंह खड्का वि. कास्की जिल्ला अदालत समेत*

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी न्यायिक अधिकार गा. वि. स. लाई नतोकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ४० अन्तर्गत जिल्ला अदालतमा पुनरावेदन लाग्न नसक्ने अवस्थामा प्रस्तुत निवेदनमा जिकिर लिएको कुलो वा पानीको बाँडफाँडसम्बन्धी मुद्दाको गा.वि.स. ले गरेको क्षेत्राधिकारविहीन निर्णय उपर पुनरावेदकीय क्षेत्राधिकार जिल्ला अदालतलाई भएको नदेखिने।

इजलास अधिकृतः अर्जुन अधिकारी

कम्प्यूटरः विश्वराज पोखरेल

इति सम्बत् २०६५ चैत ७ गते रोज ६ शुभम्।

१३.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०५९ सालको रिट नं. २७९०, उत्प्रेषण लगायतको उपयुक्त आदेश जारी गरिपाऊँ, *उत्तराकुमारी पाण्डे समेत वि.मन्त्रिपरिषद् सचिवालय समेत*

आवत-जावत, बाटो निकासलगायतको सुविधामा प्रतिकूल असर परेको नदेखिएको अवस्थामा यस अदालतले असाधारण अधिकारक्षेत्रबाट मन्त्रिपरिषद्बाट भएको निर्णय र त्यसका आधारमा विवादित जग्गा कित्ताकाट गरी मालपोत कार्यालयका नाममा दर्ता गर्ने गरी भएका कामकारवाहीहरू बदर गरिरहनु नपर्ने।

इजलास अधिकृतः बिदुर कोइराला

कम्प्यूटरः विश्वराज पोखरेल

इति सम्बत् २०६५ फागुन १९ गते रोज २ शुभम्।

१४.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०५९ सालको रिट नं. ३०२८, उत्प्रेषण, परमादेश समेत, *अनिल गोयल वि.नेशनल मार्केटिङ एण्ड सेल्स प्रा.लि. समेत*

मध्यस्थको निर्णय र पुनरावेदन अदालतको फैसलाबमोजिम विपक्षीलाई दिनुपर्ने रकम बुझाई सो फैसलाको अस्तित्व र त्यसको कार्यान्वयनलाई स्वीकार गर्ने तर मध्यस्थको निर्णयलाई चुनौती दिने गरी दायर भएको रिट निवेदन स्वतः आधारहीन देखिने।

इजलास अधिकृतः बिदुर कोइराला

कम्प्यूटरः विश्वराज पोखरेल

इति सम्बत् २०६५ फागुन १९ गते रोज २ शुभम्।

१५.

**मा.न्या.श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६५ सालको फौ.पु.नं. ०६४-CR-०७७१, जबरजस्ती करणी, *बाबु पौडेल क्षेत्री वि.नेपाल सरकार*

मानव सभ्यता उपर नै कलंक लगाउने गरी एक अबोध नावालिकाउपर यी प्रतिवादीबाट

जबरजस्ती करणी जस्तो अमानवीय एवं निर्लज्ज अपराध भएको गाम्भीर्यता समेतलाई हेरी पुनरावेदक प्रतिवादीउपर सजायको निर्धारण गर्नु नै उचित हुने देखिँदा यी पुनरावेदक प्रतिवादीले वर्ष ५ की अवोध वालिकालाई अभियोग दावीबमोजिम जवरजस्ती करणी गरेको पुष्टि भएकाले जवरजस्ती करणीको महलको १ नं. को कसूरमा सोही महलको ३(१) नं. बमोजिम नै सजाय हुने ।

इजलास अधिकृतः बिदुर कोइराला

कम्प्यूटरः विश्वराज पोखरेल

इति सम्बत् २०६५ फागुन १९ गते रोज २ शुभम् ।

१६.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या. श्री अवधेशकुमार यादव**, २०६३ सालको रिट नं. ३३८८, उत्प्रेषण समेत, *तारादेवी थापा वि.ललितपुर उपमहानगरपालिकाको कार्यालय समेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले दिएको अधिकारभन्दा वाहिर गई निर्णय गर्न पाउने अधिकार उपमहानगरपालिकालाई कुनै कानूनले प्रदान नगरेको र आफ्नो अधिकारक्षेत्रको विवादका सम्बन्धमा निर्णय गर्न नपाउने भन्न नमिल्ने ।

इजलास अधिकृतः नेत्रप्रकाश आचार्य

कम्प्यूटरः विश्वराज पोखरेल

इति सम्बत् २०६५माघ २६ गते रोज १ शुभम् ।

१७.

**मा.न्या.श्री रणबहादुर बम र मा.न्या. श्री अवधेशकुमार यादव**, २०६२ सालको रिट नं. २७९७, उत्प्रेषण परमादेश, *नरमाया लिम्वू समेत वि. तारादेवी थापा समेत*

उपमहानगरपालिकाले हक कायम गराई ल्याउनु भनी यी निवेकहरूलाई सुनाई दिने निर्णय गर्नु अगावै साधिकार निकायमा मुद्दा दायर गरिसकेको देखिएको र सो मुद्दाहरूबाटै हाल निवेदकहरूले माग गरेको उपचार प्राप्त गर्न सक्ने अवस्था देखिँदा मातहत अदालतमा दायर भएको मुद्दालाई प्रत्यक्ष असर पर्ने गरी रिट निवेदनमा बोल्न नमिल्ने ।

इजलास अधिकृतः नेत्रप्रकाश आचार्य

कम्प्यूटरः विश्वराज पोखरेल

इति सम्बत् २०६५ माघ २६ गते रोज १ शुभम् ।

१८.

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या. श्री सुशीला कार्की**, २०६० सालको फौ.पु.नं. ३४०८, ज्यान मार्ने उद्योग, व्राहिम मियाँ समेत बि.नेपाल सरकार

ज्यान मार्ने मनसाय (Mens rea) रहेको नदेखिएको र प्रतिवादीहरूको कार्य तेस्रो पक्षको हस्तक्षेपबाट रोकिएको अवस्था पनि नहुँदा ज्यान मार्ने उद्योगअन्तर्गतको कसूर मान्ने अवस्था रहेको भन्न नसकिने ।

इजलास अधिकृतः माधवप्रसाद अधिकारी

कम्प्यूटरः विश्वराज पोखरेल

इति सम्बत् २०६५ फागुन १९ गते रोज २ शुभम् ।

## इजलास नं. ३

**१.**

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय**, २०६० सालको दे.पु.नं. ८८४३, बाली विगो, *लालजी शर्मा समेत वि. गयाप्रसाद शर्मा वाहुन*

कानूनले अन्यथा व्यवस्था नगरेकोमा कानूनको प्रयोग, अर्थ एवं व्याख्या असमान हुने गरी गर्न मिल्दैन । फैसलाले हक स्थापित गरेको जग्गाको आयस्ता नपाउने भन्नु न्यायोचित नहुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति सम्बत् २०६५ चैत १० गते रोज २ शुभम् ।

## इजलास नं. ४

१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०६० सालको रिट नं.३३३९, उत्प्रेषण परमादेश, *जतनदेवी चौरडिया वि. भूमिसुधार कार्यालय सप्तरी समेत*

कुत दिलाई मोही निष्काशन गरिपाऊँ भन्ने मुद्दाको अन्तिम टुंगो लागेपछि मात्र मोही कायम हुने वा नहुने भन्ने यकीन हुने भएको र मोही कायम हुने अर्थात मोही निष्काशन नहुने अवस्थामा मात्र मोही जग्गाको बाँडफाँड हुने वा नहुने भनी निर्णय गर्नुपर्ने हुँदा मोही कायम नभई निष्काशन हुने भएमा जग्गा बाँडफाँड मुद्दाको अस्तित्व र औचित्य नै समाप्त हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

इति सम्बत् २०६५ माघ २२ गते रोज ४ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन्:

- सम्बत् २०६० सालको रिट नं.८५५९, वाली मोही निष्काशन, *जतनदेवी चौरडिया वि. विलट चौधरी*
- सम्बत् २०६२ सालको दे.पु.नं. ८५६०, *विलट चौधरी वि. जतनदेवी चौरडिया*
- सम्बत् २०६० सालको रिट नं.३५९२, उत्प्रेषण परमादेश, *जतनदेवी चौरडिया वि. भूमिसुधार कार्यालय सप्तरी समेत*

२.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०६५ सालको फौ.पु.नं. ०१९७ र ०२१७, लागू औषध (खैरो हिरोइन), *Sandu Razvan Iulion वि. नेपाल सरकार एवं Samuel Annyo Eze वि.नेपाल सरकार*

लागूऔषध सहितको सुटकेश वरामद हुने Sandu Razvan Iulion ले गरेको बयानलाई प्रमाणमा लिन नपर्ने कारण नदेखिएको अवस्थामा प्रतिवादीहरूलाई कसूरदार ठहर गरी प्रतिवादीमध्येका Sandu Razvan Iulion लाई कैद वर्ष १८ र बीस लाख जरीवाना, अर्का प्रतिवादी Samuel Annyo Eze लाई कैद वर्ष १५ र दश लाख जरीवाना गर्ने गरेको फैसला मिलेकै देखिने ।

इजलास अधिकृतः युवराज गौतम

इति सम्बत् २०६५ फागुन ११ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०६२ सालको दे.पु.नं. ८१५५, हक कायम खिचोला, निर्णय बदर, झ्यालढोका वन्द, *जिवछी देवी दुवे वि.अच्यूत आचार्य*

जनकपुर नगरपालिकाले ६ फीटको बाटोलाई सार्वजनिक कायम गरेतर्फ वादीको पुनरावेदन परेको नदेखिँदा उक्त बाटो सार्वजनिक भएपछि सोदेखि उत्तर न.नं. १क को जग्गामा वादीको हक पुग्न सक्ने अवस्था देखिँदैन । त्यसैगरी सार्वजनिक बाटोभन्दा उत्तरतर्फ न.नं. १ को नाली बनाएको भनेकोमा पनि वादीको कायम हुन सकेको देखिँदैन । न.नं. ३(ख) को बाटोबाट वारपार न.नं. १० सम्म पुगेको देखिएको र सो बाटो सार्वजनिक भएको देखिँदा न.नं. १, १क र २ का सम्पूर्ण जग्गा प्रतिवादीले खिचोला गरेको नदेखिने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६५ मंसिर १६ गते रोज २ शुभम् ।

यस्तै प्रकृतिको सम्बत् २०६२ सालको दे.पु.नं. ८१५६, बिना इजाजत बाटो च्यापी घर बनाएको, *जिवछी देवी दुवे वि.अच्यूत आचार्य* भएको मुद्दामा यसैअनुरुप निर्णय भएको छ ।

४.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०५९ सालको पुनरावेदन नं. ३२५३, नाता कायम, *रत्नकुमारी राई वि. मनविक्रम राई*

नाताको विषय यकीन गर्नको लागि DNA परीक्षणको आदेश हुँदा पुनरावेदक वादीको वारेशले तारेख गुजारी बसेको समेतबाट परीक्षण रिपोर्ट निजको प्रतिकूलमा जाने रहेछ भनी अनुमान गर्नुपर्ने ।

इजलास अधिकृतः राजेन्द्रकुमार आचार्य

इति सम्बत् २०६५ मंसिर १६ गते रोज २ शुभम् ।

५.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको स.फौ.पु.नं. ००७७, सरकारी स्रेस्ता कागज कीर्ते, *नेपाल सरकार वि. रामबहादुर दनुवार समेत*

कसूर गरेको देखिने तथ्ययुक्त सवूद प्रमाण वादी पक्षबाट प्रस्तुत हुन नसकेको र अन्य प्रतिवादीहरूका उपरको आरोपित कसूर समेत स्थापित हुन नसक्ने ।

इजलास अधिकृतः युवराज गौतम

इति सम्बत् २०६५ माघ १९ गते रोज १ शुभम् ।

६.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं. १२०, भ्रष्टाचार (न.प्र.प.), *कृष्णकुमार श्रेष्ठ वि. नेपाल सरकार*

सर्टिफिकेट नक्कली बनाई पेश गर्ने कार्य पछाडि ओहदासम्बन्धी सम्भावित लाभ प्राप्त गर्ने आपराधिक अभिप्राय वा उद्देश्य (Mens Rea) रहेको स्पष्ट देखिन आउँदा नक्कली प्रमाण पत्र पेश गर्ने कार्यमा आपराधिक कार्य (Actu Reus) र आपराधिक मन वा उद्देश्य (Mens Rea) समेतका दुवै तत्व समावेश भएको देखिने ।

इजलास अधिकृतः युवराज गौतम

कम्प्यूटरः बुद्धरत्न महर्जन

इति सम्बत् २०६६ वैशाख ४ गते रोज ६ शुभम् ।

यस्तै प्रकृतिको सम्बत् २०६४ सालको फौ.पु.नं. ४९८, भ्रष्टाचार (ना.प्र.प.), *पार्वती सापकोटा वि.नेपाल सरकार* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**७.**

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको फौ.पु.नं. ९२, जबरजस्ती करणी, *उमादेवी लिम्बूनी वि. नेपाल सरकार*

आफ्नी नावालिका भान्जीउपर भएको कुकृत्यउपर जाहेरवालीले आफूले देखेको कुराहरू समेत उल्लेख गरी जाहेरी दिएको र पीडितले आफूउपर भएको अमानवीय एवं घृणित कार्यको पर्दाफास गर्दै वारदातको वारेमा सिलसिलाबद्धरूपले उल्लेख गरी अदालतमा वकपत्र समेत गरिदिएको स्थितिमा निजहरूले झुट्ठा उजूर गरी वकपत्र गरिदिएका होलान् भनी अनुमान गर्नु सर्वथा गलत हुन्छ भने त्यसरी आफ्नो इज्जतलाई दाउमा राखेर झुट्ठा विवरण उल्लेख गरी वकपत्र गर्नुपर्नेसम्मको कारण पनि कुनै ठोस सवूद प्रमाणबाट पुष्टि भएको नपाइने ।

इजलास अधिकृतः युवराज गौतम

इति सम्बत् २०६५ फागुन ११ गते रोज १ शुभम् ।

## इजलास नं. ६

**१.**

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६२ सालको फौ.पु.नं. ३४९९, कुटपीट अंगभंग, *नेपाल सरकार वि. हरिराम अहिर समेत*

मुलुकी ऐन, कुटपीटको महलको २ नं. को कसूरको परिभाषाभित्र नपर्ने कसूरलाई सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूचीभित्र परेको मान्न नमिल्ने र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ अनुसार दुनियावादी फौजदारीमा परिणत हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्यूटरः अमिररत्न महर्जन
इति सम्बत् २०६५ चैत १६ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती**, २०६३ सालको फौ.पु.नं. २५४, नागरिकता, *नेपाल सरकार वि. रामकैलाश ठाकुर समेत*

आफ्नो गाउँघरमा अघिदेखि बसोबास गरिआएको मानिस नेपालको वंश वा जन्मले नागरिक हुने हो वा होइन वा नेपालमा रहेको व्यक्ति भारतीय नागरिक हो कि भन्नेसम्मको शंका वा जानकारी रहेको भन्ने कुरा प्रमाणबाट देखिन नआएसम्म जानाजान भारतीयलाई नेपाली नागरिक भनी सर्जमिनको व्यहोरा लेखाएका होलान् भनी अनुमान गरी सजाय गर्न फौजदारी न्यायका सिद्धान्तबाट समेत न्यायोचित नहुने हुँदा जानाजान तत्वको अभावमा आरोपित कसूर गरेको मान्न नमिल्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्यूटरः अमिररत्न महर्जन
इति सम्बत् २०६६ वैशाख ६ गते रोज १ शुभम् ।

३.

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की**, २०६२ सालको दे.पु.नं. ८४५४, टिप्पणी आदेश बदर दर्ता बदर दर्ता हटाई पाऊँ, *शंकर दास तत्वा समेत वि. महेन्द्र दास तत्वा समेत*

फिल्डवुकमा उल्लिखित व्यक्ति भूलबाट लेखिएको हो, बेग्लाबेग्लै व्यक्ति होइनन् भनी झुठ्ठा व्यहोराको निवेदन मालपोत कार्यालयमा दर्ता गराई कारवाही चलाई दर्ता प्रक्रिया अगाडि बढाएको देखिँदा गलत व्यहोराको प्रक्रिया अपनाई दर्ता गर्ने गरिएको जग्गाको दर्ताको कारवाहीले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्यूटरः अमिररत्न महर्जन
इति सम्बत् २०६५ चैत १६ गते रोज १ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- सम्बत् २०६२ सालको दे.पु.नं. ८४६१, टिप्पणी आदेश बदर दर्ता बदर दर्ता हटाई पाऊँ, *एकावलीदास तत्वा समेत वि. महेन्द्र दास तत्वा समेत*
- सम्बत् २०६२ सालको दे.पु.नं. ८४६०, मिलापत्र बदर, *एकावालीदास तत्वा समेत वि. महेन्द्र दास तत्वा समेत*
- सम्बत् २०६२ सालको दे.पु.नं. ८४५६, मिलापत्र बदर, *शंकर दास तत्वा समेत वि. महेन्द्र दास तत्वा समेत*

४.

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की**, २०६२ सालको दे.पु.नं. ८४२५, मिलापत्र दर्ता बदर दर्ता, *फतमा खातुन वि.अलीसेर मियाँ मंसुरी समेत*

अंश लिई बाँकी सम्पूर्ण सम्पत्तिमा हक छाडिसकेकोले बाँकी रहन गएको सम्पत्ति बाबु कुलदीपको अंशभागको रहनेहुँदा कुलदीपका छोराहरूले आपसमा अंश बाँडफाँड गर्ने गरेको मिलापत्रले वादीको हकहितमा कुनै प्रतिकूल असर

पारेको नदेखिँदा सोलाई कानून विपरीतको मानी मिलापत्र बदर गर्न नमिल्ने ।
इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्यूटरः अमिररत्न महर्जन
इति सम्बत् २०६५ चैत १६ गते रोज १ शुभम् ।

५.

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की**, २०६२ सालको फौ.पु.नं. ३२४८, जालसाजी, *महेन्द्र राय यादव वि. नवल किशोर राय यादव भन्ने दुःखा राय यादव*

छुट्टाछुट्टै प्रयोजनको लागि बनेका ऐनहरूमा कुन ऐनअन्तर्गत दावी लिनुपर्ने हो दावीकर्ताले तय गर्नुपर्ने कुरा हो घटनाको प्रकृतिअनुसार समेत प्रस्तुत मुद्दाको विवादको विषयउपर अदालतले न्यायिक निरोपण गर्नुपर्ने हुँदा वादीलाई दावी गर्ने अधिकार छैन भनी अदालतले भन्न सकिने अवस्था नरहने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्यूटरः अमिररत्न महर्जन
इति सम्बत् २०६५ चैत १६ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१.

**मा.न्या.श्री रामकुमारप्रसाद शाह. र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला**, २०६४ सालको दे.पु.नं. ०५०५, बाटो खिचोला मेटाई बाटोमा हिड्ने हक कायम गरिपाऊँ, *माहिला महर्जन वि. उत्तम नारायण महर्जन समेत*

तत्कालीन मोही र बाँडफाँडपछि जग्गाधनी हुन आएका प्रतिवादीका जग्गाको दक्षिणतर्फबाट कागज गरी वादीलाई दिएको बाटोमा ३ फीट चौडाई थप गरी बाटो कायम गरेको स्थितिमा साविकमा पनि यो बाटो प्रयोग गरी आएको भनेको र त्यही ठाउँबाट बाटो दिनेछु भनी आफूले गरेको कागजलाई अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा बाटो प्रयोग गर्न नपाउने भन्न उपयुक्त नहुने ।

इजलास अधिकृतः शिशिरराज ढकाल
कप्यूटरः धनबहादुर गुरुङ
इति सम्बत् २०६५ चैत २५ गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की**, २०६५ सालको रिट नं. ०२०३, परमादेश, *नीताकुमारी गुरुङ समेत वि.अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्वयंले कसैउपर खास कसूर कायम गर्न नसकेको अवस्थामा गोश्वारा रुपमा सचेत गराउँदैमा निर्दोष परीक्षार्थीहरूलाई अनावश्यक परिणाम भोग्न वाध्य गर्न नमिल्ने ।

सुनुवाइको मौका प्रदान नगरी परीक्षा रद्द गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय स्वच्छ सुनुवाइसम्बन्धी प्राकृतिक न्यायको सिद्धान्तको विपरीत देखिने ।

इजलास अधिकृतः- शिशिरराज ढकाल
कम्प्यूटर गर्नेः- सरस्वती पौडेल
इति सम्बत् २०६६ वैशाख २७ गते रोज १ शुभम्

२.

**मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री सुशीला कार्की**, २०५८ सालको साधक नं. ३८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शुभाष राई*

धारिलो जोखिमी हतियार प्रहार गरी मृतक शिवकुमार राईको मृत्यु भएको देखिँदा प्रतिवादीलाई

मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः रमेशप्रसाद ज्ञवाली

कम्प्यूटर गर्नेः धनवहादुर गुरुङ

इति सम्बत् २०६५ फागुन २२ गते रोज ५ शुभम्

३.

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको ०६५-WH-००३४, बन्दीप्रत्यक्षीकरण, *भक्तकुमार ओझा वि. जि.प्र.का.सिन्धुपाल्चोक*

निवेदकले निवेदनमा उठाएको प्रश्नमा सोही मुद्दाबाट सम्बन्धित अदालतले निरोपण गर्ने नै हुँदा हाल यस अदालतबाट हस्तक्षेप गरी निवेदकको माग बमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति सम्बत् २०६५ चैत ९ गते रोज १ शुभम् ।

४.

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको ०६३-WO-०११६, उत्प्रेषण परमादेश, *प्रकाश अधिकारी समेत बि. शिक्षक सेवा आयोग*

शिक्षक सेवा आयोगद्वारा विज्ञापन गरी परीक्षा लिई प्रकाशित नतिजाको सम्बन्धमा निवेदकहरूले शिक्षक सेवा आयोग नियमावलीबमोजिम वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी सीधै यस अदालतको असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेका विवादित परीक्षाको प्रकाशित नतिजाबमोजिम विपक्षीहरूले नियुक्ति पाई पदभार ग्रहण गरी विवादित लिखित परीक्षाको नतिजा प्रकाशित गर्ने तथा सिफारिश गर्ने कार्यहरू कार्यान्वयन भएको अवस्था देखिएको अवस्थामा मागबमोजिम आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति सम्बत् २०६५ चैत ११ गते रोज ३ शुभम् ।

५.

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको ०६४-WO-०७३८, उत्प्रेषण परमादेश, *सुभाषकुमार मुरार वि. वन तथा भूसंरक्षण मन्त्रालय समेत*

बजेट वक्तव्यमा उल्लेख भएको भनी निर्देशिका जारी गरी रकम उठाउन संविधान र प्रचलित कानूनले अधिकार प्रदान नगरेको हुँदा निवेदकसमेतबाट विपक्षीहरू जिल्ला वन कार्यालय इलाम समेतले मिति २०६४।१०।६ मा वन विकास कोषबापत भनी रकम लिने कार्य उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति सम्बत् २०६५ चैत ९ गते रोज १ शुभम् ।

६.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती**, २०६५ सालको WO-००४८, वन्दीप्रत्यक्षीकरण, *विक्की दासको हकमा अधिवक्ता राकेशकुमार साह वि.जिल्ला प्रशासन कार्यालय काठमाडौं समेत*

सार्वजनिक अपराध मुद्दाको अनुसन्धानको लागि भनी थुनामा राखिएका नावालक वन्दी विक्की दासलाई मनासिवमाफिकको कारणबिना सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को विपरीत मुद्दा दायर गर्ने ३५ दिनको हदम्याद दिइएको कुरा एवं नावालकलाई बालबालिका ऐन, २०४८ को दफा ४२ र ५० विपरीत प्रहरी हिरासतमा राखिएको

देखिँदा निवेदक वन्दी बिक्की दास गैरकानूनी थुनाबाट मुक्त हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति सम्बत् २०६५ चैत १२ गते रोज ४ शुभम् ।

**७.**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती**, २०६३ सालको CR-००३३, ००३७, डाँका, *अरुण चौधरी वि. नेपाल सरकार एवं भोगेन्द्र चौधरी वि. नेपाल सरकार*

मौकामा वयान गर्ने प्रतिवादीहरूको साविती वयान स्वतन्त्र प्रमाणहरूबाट पुष्टि भएकोमा डाँका भएको सम्पूर्ण धनमाल वरामद नहुँदैमा ती धनमाल डाँका भएकै होइनन् भन्ने निष्कर्षमा पुग्न नमिल्ने । सम्बद्ध अन्य परिस्थितिजन्य प्रमाणहरूको मूल्याङ्कनको आधारमा निर्णयमा पुग्नुपर्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति सम्बत् २०६५ चैत १२ गते रोज ४ शुभम्

८.

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती**, २०६३ सालको CR-००३६, डाँका, *अरुण चौधरी वि. नेपाल सरकार एवं भोगेन्द्र चौधरी वि. नेपाल सरकार*

प्रतिवादी मौकामा फरार रही २०५९।१०।२८ मा वारदात भएकोमा मिति २०६१।६।१९ मा पक्राउ परी अदालतमा हाजिर भएको अवस्था दृष्टिगत गर्दा लामो समयको अन्तरालमा प्रतिवादीहरूले नगद रुपैया खाई मास्न सक्ने सहज सम्भावनालाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति सम्बत् २०६५ चैत १२ गते रोज ४ शुभम् ।

९.

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती**, २०६४ सालको फौजदारी नं.०५९२, कर्तव्य ज्यान, *गणेश गुरुङ्ग समेत वि. नेपाल सरकार*

वारदात भएको भन्ने घटनास्थल मुचुल्का, प्रतिवादीहरूको बयान तथा बुझिएका व्यक्तिहरूको भनाइबाट निर्विवाद रुपमा स्थापित भई अदालत समक्ष समेतको बयानबाट मृतकलाई हिर्काउन प्रयोग गरिएको चिरपट दाउरा त्यही घटनास्थलबाट टिपी प्रहार गरेको नभई निजले घरदेखि बोकी ल्याएको भन्ने देखिन्छ । प्रतिवादी गणेश गुरुङ्ग तथा शेरबहादुरको बयानअनुसार शेरबहादुरले आदेश दिएपछि गणेश गुरुङ्गले प्रहार गरेको र त्यसपछि तीनैजना प्रतिवादीहरूले मृतक चित्रबहादुरलाई पालैपालो प्रहार गरेको भन्ने देखिएको र निजहरूको उक्त बयान व्यहोरा घटनास्थल तथा लास मुचुल्काबाट समर्थित भएको देखिँदा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ अनुसार कसूरदार कायम हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

इति सम्बत् २०६५ चैत १२ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

**१.**

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६०-फौ.पु.नं.-३४०२, सवारी ज्यान, *सुरेन्द्रमान प्रधान वि. श्री ५ को सरकार*

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ बमोजिम तेस्रो पक्षको बीमा रकम अधिकतम रकम रु.३ लाखसम्मको अङ्क तोकिएको हुँदा अपराधको गम्भीरतालाई समेत अवलोकन गरी

औचित्यको दृष्टिले रु.२ लाख रुपैया प्रतिवादी राष्ट्रिय बीमा संस्थानबाट पीडित पक्षको परिवारलाई भराई दिनुपर्ने भनी ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति सम्बत् २०६५ चैत २० गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६१-फौ.पु.नं.-३६९१, कुटपिटबाट अंगभंग, *श्री ५ को सरकार वि. प्रभुलाल चौधरी*

एउटै किसिमको काम लिने दुईमध्ये एक अंग केही काम लाग्ने अवस्थामा रहेको देखिन आई यस अवस्थामा निज पीडितको दाँया हात ४० प्रतिशत काम लाग्ने अवस्था रहेको भनिएकोले निजको दाहिने हात पूर्णतया बेकम्मा भनी ऐनको व्याख्या गर्न मिल्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति सम्बत् २०६५ चैत २० गते रोज ५ शुभम् ।

**३.**

**मा.न्या. श्री गौरी ढकाल र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६२-फौ.पु.नं.३७१३, सवारी ज्यान, *श्री ५ को सरकार वि. सूर्यबहादुर श्रेष्ठ*

अधिकारक्षेत्रको अभावमा वादी दावी खारेज गर्नपर्नेमा तेस्रो पक्षलाई क्षतिपूर्ति दिने प्रयोजनका लागि रु.३ लाख बराबरको बीमा गराउन पर्नेछ भन्ने उल्लेख भए पनि सवारीधनीले सो प्रयोजनका लागि आफ्नो मिनीवसको समेत त्यस्तो बीमा नै गराएको नदेखिँदा तेस्रो पक्षको बीमा नगराएको अवस्थामा क्षतिपूर्ति भराउन नसकिने ।

इजलास अधिकृतः पूर्णेश्वरप्रसाद उपाध्याय

इति सम्बत् २०६५ चैत २० गते रोज ५ शुभम् ।

## इजलास नं. १०

१.

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दु.फौ.पु.न.०६५-CR-०३०३, जालसाजी, *गोकुल खत्री समेत वि. केशव खत्री ।*

एकअर्कासँग अन्तर्सम्बन्धित सम्पूर्ण विवादित विषयवस्तुहरूको विस्तृत विवेचना र सम्वद्ध सबै तथ्य र प्रमाणहरूको उचित मूल्याङ्कन गरी सबै विवादका विषयहरूमा एकैसाथ इन्साफ दिँदा सही र पूर्ण इन्साफ हुनसक्ने अवस्था देखिँदा पुनः निर्णय गर्नु भनी शुरु जिल्ला अदालतमा फिर्ता पठाउने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्यूटरः अमिररत्न महर्जन

इति सम्बत् २०६५ चैत ३० गते रोज १ शुभम् ।

२.

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको दु.फौ.पु.न.०६५-CR-०२७३, दर्ता बदर हक कायम, *गोकुल खत्री समेत वि. केशव खत्री*

प्रमाणको उचित मूल्याङ्कन गरी शुरु तहबाटै एकैसाथ निर्णय गर्दा सही र पूर्ण इन्साफ हुनसक्ने देखिँदा सो उप्रान्त फैसलामा चित्त नबुझ्ने पक्षले कानूनबमोजिम पुनरावेदन गर्न पाउने अवसर र सुविधा पनि प्राप्त गर्न सक्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्यूटरः अमिररत्न महर्जन

इति सम्बत् २०६५ चैत ३० गते रोज १ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दामा यसैअनुरूप निर्णय भएका छन्:

- सम्बत् २०६५ सालको दु.फौ.पु.नं. CR-०२७४, लिखत बदर, *गोकुल खत्री समेत समेत वि. केशव खत्री*
- सम्बत् २०६५ सालको दु.फौ.पु.नं. CR-०२७६, लिखत बदर, *गोकुल खत्री वि. केशव खत्री*
- सम्बत् २०६५ सालको दु.फौ.पु.नं. CR-०२७५, लिखत बदर, *गोकुल खत्री वि. केशव खत्री*
- सम्बत् २०६५ सालको दु.फौ.पु.नं. CR-०३००, जालसाजी, *राममाया वस्नेत समेत वि. केशव खत्री*
- सम्बत् २०६५ सालको दु.फौ.पु.नं. CR-०३०२, जालसाजी, *राममाया वस्नेत समेत वि. केशव खत्री*
- सम्बत् २०६५ सालको दु.फौ.पु.नं. CR-०३०१, जालसाजी, *राममाया वस्नेत समेत वि. केशव खत्री*
- सम्बत् २०६५ सालको दु.फौ.पु.नं. CR-०३०३, जालसाजी, *गोकुल खत्री समेत वि. केशव खत्री*

३.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** सम्बत् २०६३ सालको फौ.पु.नं.२०८, सवारी ज्यान, *नेपाल सरकार वि.खेमलाल पुन*

मार्ने मनसायले घटनास्थलमा दायाँ च्यापेको भन्ने नदेखिएको अवस्थामा टैंकर चालकको कावुबाहिरको परिस्थिति सिर्जना भई सो दुर्घटना हुन गएको भन्ने देखिएको स्थितिमा प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम सजाय हुने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति सम्बत् २०६६ जेठ २१ गते रोज शुभम् ।

४.

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं.०११५ र ०२७३, लेनदेन, *लक्ष्मीदेवी थापा वि. दीपबहादुर शाही समेत*

लिखतबमोजिमको शर्त पूरा नगरी जग्गा पास गरी नदिएको अवस्थामा लिखत कपाली सरह हुने हुँदा लेनदेन व्यवहारको २ नं. अन्तर्गत परेको नालेसलाई रीतपूर्वक र हदम्यादभित्र नपरेको भन्न सकिने अवस्था नहुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति सम्बत् २०६६ बैशाख १७ गते रोज ५ शुभम् ।

**५.**

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६५ सालको दे.पु.नं.०२७९, लेनदेन, *इन्द्रजीत यादव वि. भानमती कुर्मिन*

जग्गा भोग गरेपछि त्यसको आयस्ता वाली वादीले नै खाएको देखियो । लिखतबमोजिमको साँवा र कानूनबमोजिमको व्याज पाउनेमा जग्गा भोग गरेपछि वाली र व्याज दोहोरो मारमा पर्ने गरी निर्णय गर्नु न्याय र विवेकसम्मत नहुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति सम्बत् २०६६ बैशाख १७ गते रोज ५ शुभम् ।

**६.**

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६५ सालको विविध फौजदारी नं.M.S ००१०, अदालतको अवहेलना, *मन्जिला घिमिरे समेत वि. दीपेन्द्र विक्रम थापा समेत*

अन्तरिम आदेश रिट निवेदन खारेज भएबाट निष्क्रिय भई सो आदेशको औचित्य र प्रयोजन नै समाप्त भइसकेको देखिएको अवस्थामा विपक्षीहरूबाट सो आदेशको उल्लघंन गरी अदालतको

अवहेलना गरेका रहेछन् वा गर्नेछन् भनी भन्नु न्याय एवं कानूनसँगत नहुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति सम्बत् २०६६ बैशाख १७ गते रोज ५ शुभम् ।

७.

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री रणबहादुर बम,** २०६५ सालको विविध फौजदारी नं.M.S ००११, अदालतको अवहेलना, *सर्वोच्च अदालत संयुक्त इजलासको आदेश बमोजिम वि. गृह मन्त्रालय समेत*

अदालतको आदेशको पालना गर्ने कुराको स्वीकारोक्ति गरी विपक्षीहरूले फिराएको लिखित जवाफको व्यहोराबाट पक्राउ गर्न कुनै आदेश निर्देशन दिएको भन्ने नदेखिएको र यस अदालतको आदेशबमोजिम निजहरू थुनामुक्त भइसकेको समेत देखिएको अवस्थामा यस अदालतको आदेशबमोजिम विपक्षीहरूलाई अदालतको अवहेलनामा कुनै किसिमको कारवाही गरिरहनु नपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति सम्बत् २०६६ बैशाख १७ गते रोज ५ शुभम् ।

८.

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री मोहनप्रकाश सिटौंला,** २०६० सालको दे.पु.नं.९४३९, नामसारी निर्णय बदर दर्ता बदर अपुताली हक कायम, *रामअधारप्रसाद यादव समेत वि. रामानन्दप्रसाद चौरसिया समेत ।*

दुषित क्रियाबाट भएको दर्ता समेतको कार्य प्रारम्भदेखि नै बदरभागी Void ab inito हुन्छ । त्यसलाई उजूर गरी बदर गराइरहनु पर्दैन । स्वयंमा गैरकानूनी, प्रभावहीन र अमान्य हुन्छ । त्यस्तो दुषित दर्तामा विवाद उठेमा अदालतले जहिलेसुकै पनि बदर गर्नसक्ने ।

- यस्तै प्रकृतिको २०६० सालको फौ.पु.नं.३५५३, जालसाजी, *रामआधारप्रसाद यादव समेत वि. रामानन्दप्रसाद चौरसिया* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

इजलास अधिकृतः श्री दीपक ढकाल

इति सम्बत् २०६६ जेठ ११ गते रोज २ शुभम् ।

९.

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं.WO-००७१, उत्प्रेषणयुक्त परमादेश समेत, *श्रीमती कमलारानी यादव वि. जनकपुर चुरोट कारखाना लिमिटेड*

नयाँ भर्नाद्वारा पदपूर्तिको लागि नियमावलीमा नै सेवा प्रवेशको न्यूनतम् शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने भन्ने स्पष्ट प्रावधान भएपछि वढुवाको हकमासमेत सो प्रावधान आकर्षित हुन सक्दैन भन्न नमिल्ने ।

कानूनमा नै स्पष्ट व्यवस्था भएकोमा आफू अनुकूल व्याख्या गरी कानूनको प्रावधानलाई निस्तेज गर्न नमिल्ने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

कम्प्यूटरः धनबहादुर गुरुङ्ग

इति सम्बत् २०६५ चैत ९ गते रोज १ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६३ सालको रिट नं.-WO-०१२०, उत्प्रेषणयुक्त परमादेश समेत, *दिलीपकुमार मण्डल वि. जनकपुर चुरोट कारखाना लिमिटेड समेत*
- २०६३ सालको रिट नं.-WO-००७५, उत्प्रेषणयुक्त परमादेश समेत, *किशोरकुमार वि. जनकपुर चुरोट कारखाना लिमिटेड समेत*

- २०६३ सालको रिट नं.-WO-००७४, उत्प्रेषणयुक्त परमादेश समेत, *मानबहादुर कार्की वि. जनकपुर चुरोट कारखाना लिमिटेड समेत*
- २०६३ सालको रिट नं.-WO-००७३, उत्प्रेषणयुक्त परमादेश समेत, *भुवनेश्वर यादव वि. जनकपुर चुरोट कारखाना लिमिटेड समेत*
- २०६३ सालको रिट नं.-WO-००७२, उत्प्रेषणयुक्त परमादेश समेत, *विराजकुमार पोखरेल वि. जनकपुर चुरोट कारखाना लिमिटेड समेत*

१०.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती**, सम्बत् २०६४ सालको CI-०३८४, जग्गा दर्ता, *द्वारिकाराम भक्त माथेमा वि. मालपोत कार्यालय कंलकी*

सर्भे नापीमा आवादी नभई खोला, पर्ति, बगर भनी जनिएको र साविक लगतको जग्गा नदेखिएको अवस्थामा त्यस्तो प्रकृतिको जग्गा मालपोत ऐन, २०३४ को दफा ७(२) ले समेत दर्ता गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपक ढकाल

इति सम्बत् २०६६ वैशाख १५ गते रोज ३ शुभम् ।

११.

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६३ सालको रिट नं:-३४४६, उत्प्रेषण मिश्रित परमादेश, *सँगीता त्रिपाठी वि. लुम्बिनी बैंक लिमिटेड, प्रधान कार्यालय समेत*

बैंक तथा वित्तीय संस्थाको कर्जा लगानी सम्बन्धी कारोवारको हकमा मूल ऋणी र जमानीलाई एउटै धरातलमा राखेर हेर्न मिल्दैन । मूल श्रणीले ऋण रकम धितो नदिइएको सम्पत्तिबाट समेत तिर्नु पर्दछ भने जमानत दिनेको दायित्व जमानी दिएको हदसम्म मात्र सीमित रहन्छ । जमानी ऋणी होइनन् । धितो वा जमानत दाताको हैसियत माथि पनि भिन्ना भिन्नै दृष्टिकोणबाट विचार गर्नुपर्ने हुन्छ । ऋणीको सगोल परिवारका सदस्यले दिएको धितो जमानी र तेस्रो व्यक्तिले धितो दिएकोमा दुबैको हैसियत र स्थिति समान हुँदैन । चौविस लाखको लिमिटसम्म कर्जा दिन धितो राखेकोमा बैंक वा वित्तीय संस्थाले यो भन्दा बढी ऋण प्रवाह गर्दैन भने यो सीमा भन्दा बढी दायित्व जमानत दिनेले व्यहोर्नु पर्दछ भन्नु कानूनसँगत नहुने । यही कुरालाई आत्मसात् गरेर विपक्षी बैंकले ऋण असूली न्यायाधिकरणमा यी निवेदिका बाहेक मूल ऋणीका हकमा मात्र बाँकी ऋण रकम असूलीको कारवाही चलाएको समेत पाइन्छ । यसरी आफूले मूल ऋणीको मात्र बाँकी रकम तिनुपर्ने दायित्व हो भनी एक कानूनी निकाय समक्ष स्वीकार गरेको तथ्य अन्य निकायमा अस्वीकार गर्न नमिल्ने ।

इजलास अधिकृतः श्री दीपक ढकाल

इति सम्बत् २०६६ वैशाख १४ गते रोज २ शुभम् ।

## सर्वोच्च अदालत गतिविधि

सम्माननीय प्रधानन्यायाधीश श्री मीनबहादुर रायमाझीज्यूको विशेष उपस्थिति एवं माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्माको अध्यक्षतामा २०६६ जेठ २५ गते बसेको सर्वोच्च अदालत मेलमिलाप समितिद्वारा निम्नबमोजिमका निर्णयहरू गरेको छः

**१.** मेलमिलापसम्बन्धी प्रक्रियालाई तीनवटै तहका अदालतसम्बन्धी नियमावलीहरूले अंगीकार गरिसकेको परिप्रेक्ष्यमा यसलाई

अझ प्रभावकारीरुपमा कार्यान्वयन गर्नका लागि सबै पुनरावेदन एवं जिल्ला अदालतहरूमा लेखी पठाउने ।

**२.** मेलमिलाप सम्बन्धमा भएगरेका काम-कारवाहीहरूको प्रगति विवरण सबै अदालतहरूवाट मासिक रुपमा मगाउने व्यवस्था मिलाउने र प्राप्त विवरणहरूको अध्ययन र विश्लेषण गरी आगामी बैठकहरूमा नियमित रुपमा पेश गर्ने ।

**३.** मेलमिलाप समितिको मिति २०६३।५।१४ को निर्णयानुसार कम्तिमा ४० घण्टा तालीम प्राप्त व्यक्तिमात्र मेलमिलापकर्ताको रुपमा सूचीकृत हुनसक्ने हालको व्यवस्थालाई यथावत् राख्ने ।

**४.** मेलमिलाप समितिको मिति २०६५।१०।१५ का निर्णयानुसार न्यायमा पहुँच अभिवृद्धि परियोजनाद्वारा मेलमिलाप केन्द्र स्थापना र सञ्चालन सम्बन्धमा प्रस्ताव गरिएबमोजिम इलाम, सप्तरी, सुनसरी, बारा, बाग्लुङ्ग, दाङ्ग र डोटीमा अदालतप्रेषित मेलमिलाप र रौतहटमा सामुदायिक मेलमिलाप कार्यक्रम सञ्चालन गर्न सहमति दिइएकोमा हाल डोटी र वाग्लुङ्ग जिल्लाको सट्टा बाँके र जुम्ला जिल्लामा परिवर्तन गरी कार्यक्रम सञ्चालन गर्न अनुमति दिने ।

**५.** मेलमिलापसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने विभिन्न संस्थाहरूसँग यस सम्बन्धमा भएका काम-कारवाहीको नियमित रुपमा प्रगति विवरण पठाउन लेख्ने ।

## सर्वोच्च अदालतमा मेलमिलापकर्ताको सूचीमा हालसम्म सूचीकृत व्यक्ति तथा संस्थाको नामावली

१. श्री कमलप्रसाद ईटनी, धादिङ
२. श्री मनोजकुमार श्रेष्ठ, काठमाडौं
३. श्री समबहादुर भट्ट, धादिङ
४. श्री विष्णु लुईंटेल, पाँचथर
५. श्री राजु खड्का, भक्तपुर
६. श्री अरुणा चित्रकार, काठमाडौं
७. श्री मातृकाप्रसाद निरौला, काठमाडौं
८. श्री उत्तमभद्र खनाल, तनहुँ
९. श्री निर्मला वज्जाडे, काठमाडौं
१०. श्री रविप्रसाद लामिछाने, धादिङ
११. श्री ताराप्रकाश पौडेल, वाग्लुङ
१२. श्री रामचन्द्र सिंखडा, काठमाडौं
१३. श्री रामकुमार श्रेष्ठ, प्यूठान
१४. श्री रुद्रप्रसाद शर्मा फुयाँल, झापा
१५. श्री वीरेन्द्रप्रसाद शाह, महोत्तरी
१६. श्री शैलेन्द्रलाल प्रधान, ललितपुर
१७. श्री केदारमान सिँह श्रेष्ठ, काठमाडौं
१८. श्री कूलप्रसाद पाण्डे, अर्घाखाँची
१९. श्री निलम पौडेल, ललितपुर
२०. श्री नयनभक्त श्रेष्ठ, काठमाडौं
२१. श्री मीना श्रेष्ठ, ललितपुर
२२. श्री सुनीलचन्द्र पौडेल, काठमाडौं
२३. श्री रामचन्द्र न्यौपाने, काठमाडौं
२४. श्री शोभा वुढाथोकी, ललितपुर
२५. श्री दामोदर पुरुष ढकाल, ललितपुर
२६. श्री शशिचन्द्र मिश्र, भक्तपुर
२७. श्री रीता कार्की, भक्तपुर
२८. श्री प्रकाश राउत, भक्तपुर
२९. श्री श्याम नेपाल, काठमाडौं
३०. श्री दण्डपाणी पौडेल, काठमाडौं